नेपाल सरकार

# गृह मन्त्रालय

(................................................शाखा)

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्या :- ०७१।७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः-...२०७२/०१/१४.......

विषय :-

## प्रेस विज्ञप्ति

मिति २०७२।१।१२ गते गएको भूकम्पबाट भएको प्रभावलाई न्यून गर्ने हेतुले उपलब्ध साधन श्रोत/सेवा सुविधा लक्षित वर्गसम्म पुऱ्याउन मन्त्रालयले सम्पूर्ण प्रयास केन्द्रित गरेको व्यहोरा सबैमा विदितै छ ।

दैवी विपत्तिको यस घडिमा सबैको सहयोग सद्भाव र सकारात्मक क्रियाकलापहरु अपेक्षित रहन्छ । प्रभावित क्षेत्रमा शुद्ध खानेपानीको प्रयोग गर्नुपर्ने, पेशा व्यवसायहरु सूचारु राख्नु पर्ने, स्वास्थ्यको ख्याल गरी स्वच्छ वातावरणको निर्माण गर्नुपर्ने विषयहरुले महत्व राख्दछन् ।

यस सन्र्दभमा खानेपानीको प्रयोग उमालेर मात्र गर्ने, सडेगलेका चिजवस्तुहरुको व्यवस्थापन गरी बातावरण स्वच्छ बनाइराख्ने कार्यमा सबैको सकारात्मक सहयोगको अपेक्षा मन्त्रालयले गरेको छ ।

हाल स्थिति सामान्य हुँदै गएको अवस्था रहेकोले पसलहरु खुला राखि दैनिक उपभोग्य बस्तुको आपूर्ति सहज गरिदिन, यातायात व्यवस्था संचालन गरिदिन र आ-आफ्नो सेवा, व्यवसाय सुचारु गरिदिई जनजीवनलाई सामान्य बनाउने कार्यमा सबैको सकारात्मक सहयोगका लागि गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

लक्ष्मीप्रसाद ढकाल
प्रवक्ता